# उत्तरगामी हावा

चंकी श्रेष्ठ

प्रत्येक बिहान
एक सर्को हावा मेरो सामु आउँछ
र, मायाले सुम्सुम्याउँदै मलाई दक्षिणतिर जान्छ

म देखिरहेछु-
प्रत्येक बिहान एउटा असम्भार हुरी
दक्षिणतिर हुन्हुनाउँछ
मान्छेहरू जोड-जोडले दक्षिणतिरै दौडिरहेका हुन्छन्
विद्रोह गर्न नसकी भूगोलसँग
नदीहरू दक्षिणतिरै बगिरहेका हुन्छन्
पछ्याउँदै हुरीको प्रवाहलाई
झुण्डका झुण्ड चराहरू दक्षिणतिरै उडिरहेका हुन्छन्
दक्षिणतिरै उडिरहेका हुन्छन् बादलहरू
दक्षिणतिरै ढल्किरहेका हुन्छन् पहाडहरू

तर, प्रत्येक बिहान
एक सर्को हावा मेरो सामु आउँछ
र, मायाले चुम्बन गर्दै मेरो गाला उत्तरतिर जान्छ

कति मीठो हावाको त्यो स्पर्श !

# दूरी

चंकी श्रेष्ठ

सखारै सखारै
एक बिहान तिमी यहाँ आएका थियौ
कलिलो बिहानीको आवाज लिएर
तर, साँझजस्तो अनुहार लिएर ।

आउनेबित्तिकै केही दूरी उत्तरतिर दौडिएका थियौ
केही दूरी दक्षिणतिर दौडिएका थियौ
र, फर्केर मान्छे र मान्छेको विवेकबीच टक्क उभिएका थियौ ।

अलिकति पानी बालुवामा खन्याएका थियौ
अलिकति आगो
समुद्रमा मिल्काएका थियौ ।

आधाजति मृत्यु बोकेर आएका थियौ
आधाजति जिन्दगी बोकेर आएका थियौ
आधा भूत र आधा भविष्य बोकेर आएका थियौ
र, वर्तमानलाई उन्मुक्ति र सन्त्रासबीच भुइँकुहिरोको बन्दी बनाएका थियौ ।

त्यसपछि अस्ताचलको घामजस्तै
विदाइको हात हल्लाउँदै गएका थियौ
जाँदा हाम्रो घर-आँगनमा
मृत्यु र जिन्दगीको दोभान छाडेर गएका थियौ
जिन्दगी र मृत्युबीचको दूरी त तिमीले नै लिएर गएका थियौ ।

## यात्रा

-●●●●चंकी श्रेष्ठ

यिनै रगत बगेका खोलाहरू तर्दै
यिनै हाँगा-हाँगामा लाशका टुक्रा फलेका रुख
यिनै मान्छेका हड्डी कोचिएका टोड्काहरू हेर्दै
विषाद र दु:खका असीम आँसु चुहाउँदै
जिन्दगीको हरियालीको खोजीमा
यात्रा सुरु गरेका थियौँ हामीले ।

हिँडिरह्यौँ, हामी कति काँडैकाँडा टेकेर हिँडिरह्यौँ
कति भीरैभीर कुदिरह्यौँ
धेरै हिँड्यौँ जंगलै जंगल
धेरै हिँड्यौ भत्भती पोल्ने बगर
धेरै धेरै सामना गर्‍यौ जंगली जनावरहरूको
काटेर फर्कायौँ नाक, कान, चुल्ठो सुर्प नखाहरूको ।

हिँडरह्यौँ, हामी हिँडिरह्यौँ जिन्दगीको हरियालीको खोजीमा
हिँड्दा हिँड्दा आज
बर्षौंपछि फेरि उही रगतको खोलाको किनारमा
आइपुगेका छौँ हामीहरू
फेरि लाम लागेका छन्
लाशका टुक्रा फलेका रुखहरू
र, मान्छेका हड्डी कोचिएका टोड्काहरू ।

बढ्दैछ, निरन्तर बढ्दै बढ्दै आइरहेछ

रगतको बाढी नदीहरूमा
ओर्लंदै ओर्लंदै आइरहेछन् गिद्धहरू
बग्ने क्षण कुरेर बसिरहेछौँ हामी रगतका नदीहरूका किनारमा
हो, कुरिरहेछौँ हाम्रा शरीरका टुक्रा कोचिने क्षण यिनै टोड्काहरूमा ।
●●●●●●